महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७
अर्जुनधारा नगरपालिका, झापा

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७
च.नं. ५४५

मितिः २०७७/३/२८

श्री नगरप्रमुख ज्यू,
अर्जुनधारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
झापा ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:
च.नं ४७२

मिति: २०७७।३।२८

श्री नगरप्रमूखज्यू,
अर्जुनधारा नगरपालिका
झापा ।

विषय - लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले अर्जुनधारा नगरपालिका आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ९१ लाख २४ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने बेरुजू रु. ४६ लाख ९१ हजार , प्रमाण कागजात पेश नभएको बेरुजू रु.४४ लाख ३३ हजार देखिएको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १४ यसैसाथ संलग्न छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

अर्जुनधारा नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने अर्जुनधारा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अर्न्तगत ११ वडा रहेको ६० सभा सदस्य ६९.१ व.कि.मी.क्षेत्रफल, जनसंख्या ४०१४१, १ नं. प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम अर्जुनधारा नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

आर्थिक वर्ष २०७५।७६
सञ्चित कोषको विवरण

सि.नं.	आयतर्फ			सि नं	व्ययतर्फ		
	विवरण	चालु आ. व. को	जम्मा रकम		विवरण	चालु आ. व. को	जम्मा रकम
१	**गत वर्षको जिम्मेवारी**		३१०२१५४८	१	आन्तरिक चालु	५३३८३५८३	५३३८३५८३
	क। नगद			२	सशर्त अनुदान		१६९५७२९६२
	तत्कालिन गा वि स सचिव लक्ष्मी प्रसाद तिम्सिना २१०२६	४९२३८			स्वास्थ्य	२०६७४३७२	
	तत्कालिन गा वि स सचिव केशव निरौला २१३०९				शिक्षा	१४१३८०५०३	
	तत्कालिन गा वि स सचिव कृष्ण बहादुर श्रेष्ठ ६९०३				आयुर्वेद	२२८८९७७	
	ख। कोष खाता				महिला विकास	१४१५५६५	
	आन्तरिक आय एक्सेल बैंक				कृषि	१२८९९१०	
	संचित कोषमा	१२५३२३७२			पशु	१०७४३४०	
	कर्मचारी कल्याण कोष	३५०९४२५			नवीकरणीय उर्जा	१०४९२९५	
	मर्मत सम्भार कोष				वन तथा वातावरण	४०००००	
	प्रकोप व्यवस्थापन कोष	१५२११८४		३	राजस्व बाँडफाँड संघ चालु		२५६१२६२९
	वातावरण विकास कोष	३५७२४४		४	वित्तिय समानीकरण पुँजीगत		१८२०८५१७५
	महिला बालबालिका कोष			५	वित्तिय समानीकरण प्रदेश		४२१९०००
	धरौटी खाता	१३०५२०८५		६	राजस्व बाँडफाँड संघ पुँजीगत		५७९४९३६३
३	**आन्तरिक आय**		५१४१८८७७	७	राजस्व बाँडफाँड प्रदेश		७५१३१७६
४	**क। वित्तिय समानीकरण अनुदान**		१५९२०००००	८	सामाजिक सुरक्षा अनुदान		११२१८८६००
	पुँजीगत		०	९	स्थानीय तह क्षमता विकास कार्यक्रम		३०५०००
	चालु	०	०	१०	प्रदेश विशेष सशर्त अनुदान		४२०००००
	ख। सशर्त अनुदान		०	११	प्रदेश सशर्त अनुदान		३२९७१८३
	स्वास्थ्य		२२६२००००	१२	सडक बोर्ड नेपाल		२९०००००
	शिक्षा		१४८५९९००	१३	पर्यटन बोर्ड नेपाल		१५०००००
	आयुर्वेद		२३१४०००	१४	प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम		१४००००००
	महिला विकास		१६६९०००	१५	धरौटी खातामा ट्रान्सफर		७७८००
	कृषि		१४४२०००	१६	प्रदेश सरकार सशर्त अनुदान फिर्ता		५९९०८१७
	पशु		११९२०००	१७	नेपाल सरकार सशर्त अनुदान फिर्ता		१०१३९०३८

	नवीकरणीय उर्जा		१५५६०००	१८	आ व अन्त्यको मौज्दात मूल संचित		९६१०२८३
	वन तथा वातावरण		४०००००	१९	धरौटी खाता		१३०५२०८५
	ग। सामाजिक सुरक्षा तथा समाज कल्याण		११२१८८६००	२०	कर्मचारी कल्याण कोष		३५०९४२५
४	**प्रदेश वित्तिय समानीकरण अनुदान**		४२१९०००	२१	प्रकोप व्यवस्थापन कोष		१५२११८४
५	**प्रदेश सशर्त अनुदान**		१३००००००	२२	वातावरण विकास कोष		३५७२४४
६	प्रदेश विशेष सशर्त अनुदान		४२०००००	२३	राष्ट्रपति चुरे तराई मधेस संरक्षण समिति		४७२२६७००
७	संघीय राजस्व बाँडफाँड		७८१८४६७१	२४	पर्ययटन पुर्वाधार विकास आयोजना		५००००००
८	प्रदेश राजस्व बाँडफाँड		०	२५	झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम		६११५५२५
९	सवारी साधन		७५१३१७६	२६	स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम		१४०००००००
१०	मालपोत		२६६१४२२८	२७	प्रधानमन्त्री रोजगार कार्यक्रम		३२३६८७५
११	सडकबोर्ड नेपाल		१२०००००	२८	संस्कृति प्रवर्द्धन कार्यक्रम		९४०००००
१२	स्थानीय तह क्षमता विकास कार्यक्रम		३०५०००	२९	विभाज्य कोषमा बाँकी		१४६९४९८३
१३	नेपाल पर्यटन बोर्ड		१५०००००	३०	क। नगद		
१४	प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम		१४०००००००		तत्कालिन गा वि स सचिव लक्ष्मी प्रसाद तिम्सिना २१०२६		
१५	राष्ट्रपति चुरे तराई मधेस संरक्षण समिति		४७२२६७००		तत्कालिन गा वि स सचिव केशव निरौला २१३०९		४९२३८
१६	पर्ययटन पुर्वाधार विकास आयोजना		५००००००		तत्कालिन गा वि स सचिव कृष्ण बहादुर श्रेष्ठ ६९०३		
१७	झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम		६११५५२५	३१	मोविलाइजेशन पेश्की के एम समता जे.भि. प्रदेश सशर्त अनुदान	३७१२०००	३७१२०००
१८	स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम		१४०००००००				
१९	प्रधानमन्त्री रोजगार कार्यक्रम		३२३६८७५				
२०	संस्कृति प्रवर्द्धन कार्यक्रम		९४०००००				
२१	धरौटी खातामा जम्मा हुने रकम		७७८००				
२२	चालु र पुँजीगतबाट फिर्ता हि मि		२३९०८८४				
२३	विभाज्य कोषमा प्राप्ति		१४६९४९८३				
	कुल जम्मा		७८६४१९८६७		**कुल जम्मा**		७८६४१९८६७

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	लेखापरीक्षण क्रममा र प्रारम्भिक प्रतिवेदन पठाएपछिको असुली - पालिका अन्तरगतको विभिन्न कार्यक्रम सञ्चालन गर्दा वढी भुक्तानी लगायतको देहाय अनुसारको असुली भइ विभिन्न सञ्चित कोष दाखिलाको भौचर पेश छ	

सि.नं	व्यहोरा	रकम	सञ्चित कोष
१	तलव वढी निकासा	१६८८६३	संघीय
२	सामाजिक सुरक्षा	०	संघीय
३	जनप्रतिनिधिको वढी खर्च	४७७९८	स्थानीय
	अग्रिम आयकर	१७२७९७	संघीय
४	दाखिला ढिला	५०२५	स्थानीय
५	अन्य दाखिला बढी भुक्तानी	८८५५८४	स्थानीय

	जम्मा | १२८००६७	
१.	**खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार २८ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संञ्चालन गर्ने उल्लेख गरेको छ ।	
२.	**वजेट पेश गर्ने तथा पारित गर्ने -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था अनुसार गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण २०७५ आषाढ १० भित्र सम्पन्न गरेको र २०७५।३।१५मा स्वीकृत गरेको छ ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको • कार्यलयको स्थायी लेखा नम्वर नलिएको • प्रत्येक कर्मचारीका पदको कार्य विवरण वनाई लागू नगरेको, (निजामति सेवा ऐन, २०४९ को दफा ५) • उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण नगरेको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५) • जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको, (आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५०.३) • कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४) • केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको, • भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१) • भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको, • उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१) आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।	
४.	**श्रोत अनुमान तथा वजेट सिमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना	

	छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेकोले साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरीनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ ।	
५.	**अनुमान भन्दा घटी आय -** नगरपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २,५०,००,०००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.५१४१८८७७।०० अर्थात अनुमानको तुलनामा २०५प्रतिशत वढी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ति विच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता एकिन गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखियो ।	
६.	**आन्तरिक ऋण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।	
७.	**स्थानीय तथ्यांक र अभिलेख -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्यांकले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडी वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
८.	**कर्मचारी व्यवस्था –** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६१ रहेपनि पदपूर्ति ३९ जनामात्र रहेको देखियो भने २२ पद रिक्त रहेका छन । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।	
९.	**एकीकृत विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोषको समूहगत परिचालन प्राप्त गर्नुपर्ने श्रोतलाई र म.स्व.से. कल्याणकोषको हिसाव समावेश नगरेकोले थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ ।	
१०.	**वित्तीय जवाफदेहिता पालना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धि व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियम विपरीत कार्यमा रु. ९१२४४५६।०० खर्च गरेकोले नियमावलीको पालना गरेको देखिएन ।	
११.	**बक्यौता रकम असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्री, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता एकिन भएन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।	
१२.	**राजश्व कारोबारको लेखा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असुलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
१३.	**रसीद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी	

<table>
<tr><td></td><td>तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसीद उपयुक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>बरबुझारथ- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट गरिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरी एकीकृत विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>सञ्चित कोष- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>स्रोत नक्सांकन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>१८.</td><td>कन्टिन्जेन्सी खर्च– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टीन्जेन्सी खर्चको लगत व्यवस्थित गरी नगरी नहुने खर्चमा मात्र कन्टीन्जेन्सीबाट भूक्तानीको व्यवस्था मिलाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>मुल्य अभिवृद्धि कर असुली नगरेको - मुल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली २०५४ अनुसार आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी दाखिला गर्नु पर्नेमा यस वर्ष पालिकावाट आय ठेक्का वन्दोवस्त भएका तपसिलको कार्यमा मुल्य अभिवृद्धि करको विषय उल्लेख नगरी आय असुली गरेकोले नगरपालिकाले तत्काल सो रकम असुल गरी संघीय सञ्चित कोष खातामा दाखीला भएको भौचर पेश हुनुपर्ने रु. ७५५२०६।०० र खोला ठेक्काको ठेक्का कागजातमा मूल्य अभिवृद्धि करबाहेकको रकम उल्लेख भएको तर असुल नगरेको एस यु एस कन्स्ट्रक्सन बाट असुल गर्नुपर्ने रु २७०३४८३ समेत गरी जम्मा असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>ठेक्का लागेको क्षेत्र</th><th>ठेक्का लिनेको नाम</th><th>ठेक्का कर वाहेक रकम</th><th>मुल्य अभिवृद्धि कर</th></tr>
<tr><td>१</td><td>सेवा शुल्क</td><td>नुमा निर्माण सेवा,खुदुनावारी</td><td>१५०१०००</td><td>१७२६८१</td></tr>
<tr><td>२</td><td>वजार ठेक्का सनिश्चरे</td><td>नुमा निर्माण सेवा,खुदुनावारी</td><td>६३००००</td><td>७२४७८</td></tr>
<tr><td>३</td><td>पुर्वाधार प्रयोग शूल्क</td><td>नुमा निर्माण सेवा,खुदुनावारी</td><td>१०१२०००</td><td>११६४२५</td></tr>
<tr><td>४</td><td>पशु हाट वजार</td><td>मनकामना</td><td>२७०१११०</td><td>३१०७४७</td></tr>
</table></td><td>३४५२८७९</td></tr>
</table>

	खुदुनावारी	एग्रोभेटस		
५	खोला ठेक्का	नुमा निर्माण सेवा	६६९८७४	७७०६५
	जम्मा			**७५५२०६**
१	खोला ठेक्का	एस यु एस कन्स्ट्रसन प्रा.लि.	२३४९९५०५	२७०३४८३
	जम्मा			**३४५२८७९**

२०.	**शिक्षा सशर्त** - कालीस्थान मा.विलाइ भवन निर्माणको लागि रु.२७००००।००निकासा गरेकोमा तोकिए वमोजिमको निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश हुनु पर्ने रु.	२७००००
२१.	९-२०७५/१२/३ अरुणोदय आ.भू विद्यालयका अस्थाई शिक्षिका भिमकला पौडेल को मिति ०७५/११/३० मा स्वेच्छिक अवकास भएकोमा चैत्र महिनाको तलव निकासा भएको रु २४१७० गोश्वरा भौचर ३५ मिति २०७६/३/२५ मा कट्टा गरिएको तर पोशाक भत्ता रु १०००० कट्टा नगरेकोले असुल गर्ने रु	१००००
२२.	९-२०७५/१२/०३ अर्जुनधारा मा.वि का प्रा. शि तृतिय शिक्षक प्रेम प्रसाद चापागाँइ मिति ०७५/६/१८ मा नियुक्ति हुनभएको उहाँको तलव निकासा माघ, फागुन , चैत्रको र पोशाक भत्ता गरी जम्मा ८२५१० निकासा भएकोमा साथै पुन सोही नाममा रु ३३२९४ र पोशाक भत्ता १०००० गरी जम्मा रु ४३२९४ थप निकासा गएकोले बढी निकासा गएको रकम असुल गर्नु पर्ने रु	४३२९४
२३.	९-२०७५/१२/३ भानु आ.वि खुदुनावारीका प्रा.शि प्रथम हेम बहादुर कार्कीको ०७५/१०/१४ मा सेवा बाट अवकाश भएकोमा माघ महिनाको तलब रु १८४८३ निकासा हुनपर्नेमा नपाउने पोशाक खर्च पनि निकासा पठाइएकोले असूल गर्नुपर्ने रु	१००००
२४.	९-२०५७/१२/०३ अर्जुनधारा मा.वि का प्रा.वि.शि सरस्वति भट्टराईको २०७५ माघ देखि चैत्रसम्मको माग फारम वेगर १ महिनाको तलब रु ३२५५७।- र पोषाक खर्च १००००।- गरि ५२५५७.६० निकाशा भएकोमा प्रा.शि सीता भट्टराईको सो अवधिको तलब रु ८७६७७।- र पोशाक खर्च रु १००००।-गरि ९७६७७।- निकाशा जानुपर्नेमा तलब र पोशाक खर्च गरि ६५१९९.८० निकाशा गइ घटि भएको ३२४७७.२० कटाइ खुद रु १००८०।-बढी निकासा गएकोले असुल गर्नुर्ने रु	१००८०
२६.	२-२०७५/६/१२ सिहेश्वरी प्रा.वि को ४ जना शिक्षकको प्रथम त्रैमासिक को माग अनुसार रु ४१२६५० जानु पर्नेमा रु ५९७६७६।६८ निकासा गएकोले वढी निकासा गएकोले असुल गर्नु पर्ने रु	१८४९२६
२७.	९-२०७५/१२/३ सिंहेश्वरी प्रा.विका शिक्षक अनन्त राम खतिवडा २०७५/११/३० मा स्वेच्छिक अवकास भएको तर चैत्रको तलव र पोशाक गरि रु ३४३७० निकासा गएकोमा पछि आषाढमा २४३७० मात्र कट्टा गरेकोले नपाउने पोशाक रकम असुल गर्नुपर्ने रु	१००००
२८.	९-२०७५/१२/३ नवज्योति प्रा.वि वडा नं ५ का शिक्षिका नैनकला खड्का र मिठु कुमारी भट्टराईको २०७५/११/३० मा स्वेच्छिक अवकास भएकोमा चैत्रको तलब रु २४१७० र पोशाक रु १००००।- का दरले निकासा भएकोमा पुन असारमा रु २४१७०।- का दरले तलब कट्टा गरिएको तर निज हरुको पोशाक भत्ता कट्टा भएको नदेखिएकोले २ जनाको पोशाक खर्च असुल गर्नु पर्ने रु	२००००
२९.	९-२०७५/१२/३ शनिश्चरे मा.वि का प्र.अ. चेतमणी खनालको प्र.अ. भत्ता मासिक रु १०००।- को दरले तिन महिनाको रु ३००० निकासा गएकोले पाउने भन्दा बढी रु १५००।- र शिक्षक डिल्ली नाथ गड्तौलाको नपाउने प्र.अ भत्ता रु१५००।- पनि निकासा गरेकोले नपाउने प्र.अ भत्ता असुल गर्ने रु	३०००
३०.	९-२०७५/१२/३ समाजसेवी प्रा.वि वागेडाँगी वडा नं ५ को अस्थायी शिक्षक केदार प्रसाद शर्मा र अनिता देवि थापाको मिति ०७५/११/३० मा अवकास हुँदाको चैत्रको तलब रु ४८५४० र पोशाक भत्ता रु २०००० मा गो.भौ ३५ बाट रु २४३७० र २४१७० पछि कट्टा गरेको तर पोशाक खर्च कट्टा गरेको नदेखिएकोले असुल गर्नु पर्ने । रु	२००००
३२.	५-२०७५/९/१२ अर्जुनधारा मा.वि भाङ्गावारी-४ को आधारभुत तर्फ ११ जना शिक्षकको कार्तिक,	

	मंसिर र पौषको तलब रु ८३७०८९९ निकासा भएको मध्ये प्रा.वि तृतिय प्रेम प्रसाद आचार्यको २४१७० ले ३ महिनाको ७२५१० निकासा भईसकेको तर फेरि उहाँकै नाममा थप तलव रु ३३२९४ पनि निकासा भएकोले वढी निकासा भएको असुल गर्नु पर्ने रकम रु	३३२९४
३३.	५-२०७५/९/९ लक्ष्मी प्रा.वि दहिझोडाका प्रा.शि शान्तिराम रिजाल २०७५/९/१ देखि अवकास भएकोमा निजको पौष महिनाको रु २६६०६।६० समेत गरी रु ७९८१९।८० गरी ३ जना शिक्षकको कार्तिक देखि पौषको रु २७०५९१।- निकासा दिएकोले बढी निकासा गएको असुल गर्नु पर्ने रकम रु	२६६०६
३५.	कार्यालयले निम्न सामुदायिक विद्यालयमा कार्यरत अस्थायी शिक्षक शिक्षिका लाई २०७५ चैत्रको तलव र पोशाक भत्ता समेत निकासा पठाएकोमा निज शिक्षकहरु २०७५/११/३० देखि स्वेच्छिक अवकाशमा परी नपाउने तलव रकम गो.भौ ३५ मिति २०७६/३/२५ मा कट्टा गरी बाँकी तलव तथा अन्य रकम निकासा गरेको तर पोशाक भत्ता कट्टा गरेको नदेखिएकोले असुल गर्नु पर्ने रकम रु	७००००

शिक्षकको नाम	विद्यालयको नाम	रकम
डम्बर कुमारी लम्साल	भानु मा.वि	१००००
नित्यान्नद निरौला	भानु मा.वि	१००००
रामचन्द्र आचार्य	जनता मा.वि	१००००
इन्दिरा खनाल	अर्जुनधारा आधारभुत विद्यालय	१००००
दुर्गा चन्द्र आचार्य	गणेश आधारभुत विद्यालय	१००००
रञ्जना कार्की	वालज्योती प्रा.वि.	१००००
जम्मा		७००००

	सामाजिक सुरक्षा भत्ता तर्फ	
३७.	१८-२०७६/३/३० वडा नं ५ का सचिव देवेन्द्र सुवेदीको बालपोषण भत्ता वितरणको रु ९००००।– पेश्कीमा ६८०००।00 वितरण गरी बाँकी २२०००।– बैंक दाखिला गर्नुपर्नेमा १४०००।– मात्र फिर्ता दाखिला भएको देखिदा फाटवारी भन्दा वढी पे.फ भएकोले घटी भएको रकम असूल गर्नु पर्ने रु	८०००
	आन्तरिक आयतर्फ	
३८.	अर्जुनधारा नगरपालिकाको मातहतमा रहेको मेसीनरीहरुको भाडा रकम तपसील बमोजिम उठ्न बाँकी रहेकोले सम्बन्धित उपभोक्ता समिति र व्यक्ति वाट असुल गर्नु पर्ने रु	३०६३००

क्र.सं	शिर्षक	रकम
ज्ञ	लिंङ्देनचोक देखि दाहालटार फेदी उत्तम सिंह तामाङ्गको घर सम्मको वडा नं.-२ को बाटो स्तरोन्नती रु (नेत्र पौडेल)	८०००।-
१	धर्मलाल चोकबाट दाहालटार फेदीसम्म र झेलेनी ढल्के पिपल प्रा.वि सम्म वडा नं २ बाटो स्तरोन्ती (नेत्र पौडेल)	१३०००।-
२	वडास्तरीय योजनाको क्र.सं. २२,२३ र २४ वडा नं १ उपभोक्ता समिति	२००००।-
३	मदनपुर सातकटेरी झटारे बाटो मर्मत उपभोक्ता समिति वडा नं १	१८६५००।-

४	वडा स्तरिय योजनाको क्र.सं. ३२,३६ र ३७ वडा नं १	१३०००।-
५	वडा नं ३ को विविध मर्मत संभार (वडा नं ३ को कार्यालय)	40300.00
६	दुई नम्वर खानेपानी ट्याङ्कीबाट अदुवा खोलासम्म कालो पत्रे निर्माण उपभोक्ता समिति वडा नं ६	२५५००।-
	जम्मा	**३१७०००**

	नेपाल पर्यटन वोर्ड	
४०.	४-२०७६/३/३० त्रि-नेत्र कन्सलटेन्सी प्रा.लि महालक्ष्मी ललितपुर इमाडोलबाट सुखानी शहिद स्मृति पार्कका पर्यटन विकास गुरु योजना तयारी र डिटेल प्रोजेक्ट रिपोर्ट तयारी र आर्किटेक्चरल प्लान बनाइएको भनि २०७५/८/१२ मा रु ६०००००।– भुक्तानी भई हाल रु ६०००००।- भुक्तानी भएको छ। आन्तरिक राजस्व विभागको २०७६/२/२६ को निर्देशन को पत्र बमोजिम विजक बिल ५३०९७३।– को मु.अ कर ६९०२७।– भुक्तानीको ५० प्रतिशत मु.अ कर कट्टी गरीनु पर्नेमा पुरै भुक्तानी गरेकोले असूल गर्नुपर्ने देखिएको रु	३४५६१
	चालु खर्च तर्फ	
४१.	९०१-२०७६/३/१८ वडा नं ११ वडा कार्यालय रहेको घरको घरधनी रण बहादुर कठेत लाई घर भाडा २०७५/९/२६ देखि २०७६/४/१ सम्मको मासिक ३४००।– दरले रु २१०७३।- खर्च लेख्न पर्नेमा पौष १ देखिकै हिसावले २३८००।०० खर्च लेखेको देखियो । घर भाडा सम्झौताका अगावैको घर भाडा भुक्तानी गरेको रु २७२७।०० असूल गर्नुपर्ने देखिएको	२७२७
४५.	४९।२०७५।०५।२४ प्रदेश नं १ आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३७.३ मा बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वार्षिक बजेट नीति तथा कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा सञ्चारकर्मीलाई यातायात खर्च भुक्तानी बापत रु. १६१०० खर्च लेखेकोमा कसलाई कुन दरले भुक्तानी दिएको हो बिलभरपाई पेश नगरेको खर्च असुल गर्नुपर्ने रु.	**१६१००**
४९.	१९९।२०७५।७।१४ र २५६।२०७५।०७।२८ सार्वजनिक खर्चमा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ को दफा २६ मा महंगी भत्ता, पोशाक भत्ता र स्थानीय भत्ता बाहेक अरु सबै भत्ता उल्लेख छ तर कार्यालयले नियमित कामका अतिरिक्त भत्ता दिने व्यवस्था नभएकोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा नं १ का वडा सचिव चुडामणि निरौला लाई रु. ८१०० भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु.	**८१००**
५०.	२४९।२०७५।०७।२० प्रदेश नं १ आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ४७.१ मा कार्यालयमा प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ। क्वालिटी कम्प्युटरबाट राउटर लगायतका सामग्री रु. ३५००० र एस एस कम्प्युटर बाट एन्टिभाइरस रु. ३०००० गरी जम्मा रु. ६५००० खर्च लेखेकोमा जिन्सी खातामा आम्दानी बाँधेको पाइएन। आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.	**६५०००**
५१.	२९०।२०७५।०८।१३ प्राविधिक मूल्यांकन नभएको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य स्वीकृत ड्इङ्ग डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको प्राविधिक कर्मचारी बाट जाँच गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । आल्मुनियम पार्टिशनको लागि कामाख्या सिसा पसल, अर्जुनधाराको बिलबाट रु. ४८०७० सामग्री खरिद गरेकोमा प्राविधिक मूल्यांकन नगरी खर्च लेखेको पाइयो । मु अ करमा दर्ता नभएको सँग खरिद गरेको समेत पाइयो । प्राविधिक मूल्यांकन सहितको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु	**४८०७०**
५२.	३००।२०७५।०८।१४ शनिश्चरे बजार सरसफाईको लागि डोर हाजिरी फाराम बाट ५ जना ज्यामीको ज्याला खर्च रु. १०००० खर्च लेखेकोमा सम्बन्धितले बुझेको भरपाई पेश नभएको रु.	**१००००**
५३.	३४५।२०७५।०९।६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (४) मा १ लाख भन्दा बढीको रकमको परामर्श सेवा खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र व प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सकारात्मक सोच सम्बन्धी तालिम मिति २०७५।०९।०१ देखि ५ सम्म सञ्चालन को लागि ड्रिमल्याण्ड इन्टरनेशनल ट्रेनिङ्ग सेन्टर प्रा. लि. काठमाण्डौं सँग मिति २०७५।०८।२८ मा रु २ लाख (भ्याट बाहेक) को सम्झौता गरी मू अ कर समेत रु २२६००० भुक्तानी गरेको पाइयो । कम्तिमा ३ वटा परामर्शदाताबाट प्रस्ताव माग गर्नु पर्नेमा गरेको पाइएन । तालिम सञ्चालन भएको स्थान, मिति, सहभागीको तथा प्रशिक्षकको उपस्थिति देखिंदैन । तालिम सञ्चालन भएको पुष्टि हुने प्रतिवेदन पेश नभएको रु.	**२२६०००**

५४.	**सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम रु. २० लाखसम्म लागत अनुमान भएको मालसामान खरिद गर्न सिलवन्दी दरभाउपत्रद्धारा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आवश्यक मसलन्द सामानहरु सिलबन्दी दरभाउपत्रद्धारा खरीद नगरी पटक पटकगरी नगरपालिका र वडाको समेत रु.७३३०३८४।०० को सोझै खरीद गरेको पाइयो । यसरी कार्यालयलाई आवश्यक पर्ने सामान सम्वन्धमा एकीकृत खरिद योजना तयार गरी उक्त खरीद योजनानुसार प्रतिस्पर्धात्मक रुपमा बोलपत्र तथा सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्ने व्यवस्था मिलाएमा प्रतिस्पर्धा भई लागत घट्न जाने सम्बन्धमा कार्यालयले ध्यान दिएको पाइएन । छलफलको क्रममा आ. व. २०७६।७७ देखि बोलपत्रको माध्यमबाट खरिद गर्न थालिएको जानकारी दिएको छ ।	
	शशर्त स्वास्थ्य	
५६.	**कार्यक्रम सम्पन्न प्रतिवेदन –** ५०।०७६।१।३० : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम हरुको कार्यसञ्चालन मार्गदर्शन २०७५।७६ मा महिला स्वस्थ्य स्वयम सेवीका अर्धवार्षिक समीक्षा बैठक को उदेश्य प्रजनन स्वास्थ्य कार्यक्रम बारे छलफल, वडा रजिस्टर अध्यावधिक भए नभएको , आगामी कार्यक्रम बारे कार्ययोजना तयार गर्न आदि रहेको छ । महिला स्वास्थ्य स्वयम सेविका समिक्षा बैठक सम्पन्न गरी रु ६८८५०।०० खर्च लेखेकोमा कार्यक्रमको उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन भएको पाइएन । कार्यक्रम सम्पन्न प्रतिवेदन समेत पेश भएन ।	
५७.	**औषधीको जिन्सी -** प्रदेश नः१, आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम मा कार्यलयमा प्राप्त हुन आएका जिन्सी मालसामानहरुको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था रहेको छ । निःशुल्क स्वास्थ्य सेवाको लागि रु.१४४६९७१।०० को औषधी खरिद गरेकोमा अधिकांश औषधीहरुको जिन्सी खातामा आम्दानी बाँधेको पाइएन । कतिपय औषधीहरुको अघिल्लो बर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्नेमा सारेको पाईएन । विभिन्न स्वास्थ्य संस्थामा औषधी पठाउदा जिन्सी खातामा खर्च घटाएकोमा हस्तान्तरण फाराम नम्वर उल्लेख भएको पाइएन । अन्यत्र स्वास्थ्य संस्थामा औषधी पठाउदा माग फाराम, हस्तान्तरण फारामको आधारमा पठाई सम्वन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी नबाँधेको,खाता प्रमाणित नगरेको देखियो । कार्यालयले जिन्सी खातामा आम्दानी नबाँधेको कारणले औषधीको प्राप्ति, खर्च र मौज्दातको अवस्था एकिन गर्न सकिएन । अतः औषधीको गत वर्षको मौज्दात, यस वर्षको प्राप्ति र खरिद, खर्च र बाँकीको विवरण देखिने गरी जिन्सी खाता अद्यावधिक गरी विभिन्न स्वास्थ्य संस्थामा पठाएको औषधीको सम्वन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु..	१४४६९७१
	हात्तिपाइले कार्यक्रम - ५९/२०७६/०१/३० हात्तिपाइले रोग विरुद्रको आम औषधी सेवन कार्यको लागि सि अ हेव मिश्रीलाल शर्मा ले लिएको पेश्की रु ५२९०००।०० पेश्की फछ्यौट गरेको श्रेष्ता परिक्षण गर्दा निम्नानुसार पाइयो ।	
६१.	प्रदेश नं: १ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(५) मा सरकारी निकायवाट कुनै तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रमको तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनुपर्ने, त्यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सम्पन्न भई सके पछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका माल सामानको विवरण र वील भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले हात्तिपाईले रोग विरुद्धको आम औषधि सेवन (MDA) कार्यक्रम सञ्चालन गर्दा लागत अनुमान तयार नगरी कार्यक्रम सञ्चालन गरेको, खर्चको जोडजम्मा नगरेको, खर्चको तेरिज नवनाएको तथा कार्यक्रम सम्पन्न भए पश्चात खर्च देखिने गरी प्रतिवेदन तयारी समेत गरेको पाईएन । खर्च देखिने गरी प्रतिवेदन तयारी नगर्दा वास्तविक खर्च यकिन नहुने हुनाले अनिवार्य रुपमा प्रतिवेदन लिने व्यबस्था गर्नु पर्दछ ।	
६३.	जिन्सी आम्दानी - ६३/०७६/०२ स्वास्थ्य केन्द्रहरुमा सेवा सुदृढीकरण कार्यक्रम अन्तर्गत विराट सर्जिकल विर्तामोडको विलबाट सर्जिकल सामान रु ९९८९२।०० को खरिद गरी जिन्सी खातामा आम्दानी बाधेकोमा खर्च तथा बाकी महलमा प्रविष्टी गरेको पाइएन । अन्यत्र स्वास्थ्य संस्थामा पठाइएको भनिएकोमा जन स्वास्थ्यमा पठाइएको हो सम्बन्धित संस्थाले जिन्सी किताबमा आम्दानी बांधेको प्रमाण पेश गर्नुपर्ने रु.	९९८९२
६४.	जिन्सी आम्दानी - ७६/०७६/०३/२२ स्वास्थ्य चौकी स्तरमा औजार खरिद कार्यक्रम अन्तर्गत रु ८३००३।०० खर्च लेखि अफिस दराज ४ थान र कुर्सि ६ थान खुदुनावारी स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईलाई हस्तान्तरण फारम मार्फत पठाइएकोमा सम्बन्धितले बुझेको तथा जिन्सी किताबमा आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने रु	८३००६
६५.	जिन्सी आम्दानी - ७६/०७६/०३/२५ स्थापना भएका र थप हुने शहरी स्वास्थ्य केन्द्र सञ्चालन अनुदान कार्यक्रम अन्तर्गत शहरी स्वास्थ्य केन्द्र अर्जुनधारालाई विल, भरपाईको आधारमा भुक्तानी दिएको रु ४२५०००।०० मध्ये झरना सर्जिकलको विलबाट रु १६५४०।०० गणपति आइरन स्टोर्सको विलबाट रु १५५५०।०० र बस्नेत किराना पसलबाट रु ६८०० को विभिन्न सामाग्री खरिद गरेकोमा	३८८००

<table>
<tr><td></td><td>जिन्सी खातामा आम्दानी बाधेको नपाइएको रु</td><td></td></tr>
<tr><td>६७.</td><td>खोपकेन्द्र भवन निर्माण - एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत बाह्य खोप केन्द्रको भवन कार्यक्रम अन्तर्गत स्वास्थ्य खोप केन्द्र भवन निर्माण उपभोक्ता समिति अर्जुनधारा १० संग वडा न. १० को कालिभ्फोडामा खोप केन्द्र भवन निर्माण गर्न मिति २०७६/०३/१० मा रु.७३३८६३।१० को सम्झौता गरी (नपाबाट रु ६००००।०० र उ.स बाट रु.१३३८६३।१०) मिति २०७६/०३/२६ मा कार्यसम्पन्न गरे पश्चात रु ६००००।०० भुक्तानी भएको पाइयो ।सम्झौता भएको १६ दिनमा कार्यसम्पन्न भएको पाइयो ।</td><td></td></tr>
<tr><td>६९.</td><td>निशुल्क वितरण हुने औषधिको प्राप्ती, उपयोग र मौज्दातको अवस्था - यस कार्यालयवाट खरिद भएका र अन्यत्रवाट हस्तान्तरण भई आएका ५ प्रकारका औषधिको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परिक्षण गर्दा देखिएको व्यहोरा देहायवमोजिम रहेको छ ।
<table>
<tr><th>सि.नः</th><th>औषधिको नाम</th><th>यस वर्षको खरिद तथा प्राप्ति</th><th>यस वर्षको खर्च</th><th>बाँकी मौज्दात</th><th>निशुल्क को लोगो</th><th>म्याद सकिने मिति</th></tr>
<tr><td>१</td><td>Ciprofloxacin 250mg</td><td>२२५००</td><td>१४२००</td><td>८३००</td><td>छ</td><td>march 2021</td></tr>
<tr><td>२</td><td>Paracetemole 500mg</td><td>१६३०००</td><td>१२४८००</td><td>३८२००-</td><td>छ</td><td>july 2022</td></tr>
<tr><td>३</td><td>Amoxicillin 500mg</td><td>१४०००</td><td>५२४९०</td><td>७३५०</td><td>छ</td><td>Nov 2020</td></tr>
<tr><td>४</td><td>Amoxicillin 250mg</td><td>३२०००</td><td>२२५००</td><td>९५००</td><td>छैन</td><td>june 2020</td></tr>
<tr><td>५</td><td>Salbutamol 4mg</td><td>५९०००</td><td>५७४००</td><td>१६००</td><td>छ</td><td>July2022</td></tr>
</table>
औषधीको मौज्दात प्रणाली स्तरीय हुन सोको प्राप्ति र निकासी विच सन्तुलन कायम रहनु पर्दछ । Authorised Stock Level, Emergeny Order point, औषधी प्राप्त हुने र वितरण समय, Lead time, Maximum consumption आइटम, Minimum consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नु पर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्त प्रक्रिया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले घटी एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद भुक्तानी हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च बिच सन्तुलन कायम गर्नु पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यानदिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>पुँजीगत तर्फ</td><td></td></tr>
<tr><td>७०.</td><td>२२४-२०७५/९/१९ सेतीपानी उद्यमी महिला समूहको क्षमता विकास कार्यक्रम वडा नं १० को रु २०००००।– को लागत अनुमानमा रु १५००००।– बाँडफाँड गरी उदघाटन, तीज मिलन, तिहार खर्च वापत रु १९४५००।– खर्च विवरण राखी सम्झौता रकम रु १५००००।– भुक्तानी भएकोमा आनुपातिक हिसावमा १४५८७५।– भुक्तानी हुनु पर्नेमा वढी भुक्तानी भएको रकम असूली गर्नुपर्ने रु</td><td>४१२५</td></tr>
<tr><td>७१.</td><td>२८६-२०७५/१०/१४ श्री प्राथमिक विद्यालय वडा नं ९ को बाल मैत्री बसाइ व्यवस्थापनको २५ थरीका विभिन्न सामाग्री खरिदको रु ५००००।– का जिन्सी दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्वर नखुलेकोले खातापाना नं खुलाएर जिन्सी खातामा आम्दानी वाँधेको प्रमाण पेश हुनपर्ने रु.</td><td>५००००</td></tr>
<tr><td>७२.</td><td>३४१,३४२,३४३ २०७५/१०/२५ भानु मा.वि.लाई इन्जिनियरिङ सामाग्री दिने भनी निर्णय भएअनुसार रु १४९७३३९।– को समान खरिद गरेको तर विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश नभएको रु</td><td>१४९७३३९</td></tr>
<tr><td>७३.</td><td>३६५-२०७५/११/१० लघु उद्यमी साझेदारी अचार बनाउने तालिम वापत ध्रुवतारा समुहलाई ५ दिने चार बनाउने प्रशिक्षक दिनानाथ शिवाकोटी र अम्विका शिवाकोटी लाई दैनिक २०००।– ले २००००।–</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>भुक्तानी गरेको देखियो । बाहिरी प्रशिक्षकलाई दैनिक १५०० दरले प्रशिक्षक भत्ता दिनुपर्नेमा बढी दरले २ जनालाई प्रशिक्षक भत्ता वढी दिएको असूल गर्नुपर्ने</td><td>५०००</td></tr>
<tr><td>७४.</td><td>खर्च सम्वन्धी निर्देशिका, २०७५ (सातौ संशोधन सहित) मा सवै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्वन्धी खर्चको मापदण्ड रहेको र स्थानीय तहमा आफ्नै निर्देशिका नभएको अवस्थामा यसै वमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । यस निर्देशिका वमोजिम नगरपालिका स्तरमा तालिम सञ्चालन गर्दा प्रशिक्षकले प्रति सेसन कार्यपत्र वापत रु.८००। र प्रवचन वापत रु.७००।०० गरी जम्मा रु.१,५००।०० पाउने व्यवस्था रहेको छ । नगरपालिकामा विभिन्न मितिमा सञ्चालन भएको तालिम कार्यक्रममा निम्नानुसारको प्रशिक्षकहरुले निर्देशिका विपरित वढी दरमा प्रशिक्षण भत्ता वुझेको पाईएकोले वढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु..
<table>
<tr><th>गो भौ नं.</th><th>कार्यक्रमको नाम</th><th>प्रशिक्षकको नाम</th><th>पाउने रकम</th><th>असुल गर्नुपर्ने रकम</th></tr>
<tr><td>९२३.२०७६.३.२०</td><td>वडा नं ७ तालीम</td><td>वावुराम निरौला</td><td>८००</td><td>५९५</td></tr>
<tr><td></td><td></td><td>ज्योती रीजाल</td><td>०</td><td>२०४०</td></tr>
<tr><td>५९५.२०७६.०३.२७</td><td>अर्गानिक खेती</td><td>शालीकराम भट्टाराइ</td><td>१६००</td><td>११९०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३८२५</td></tr>
</table></td><td>३८२५</td></tr>
<tr><td>७५.</td><td>आयकर – ७१३।२०७६।०२।१३ आय कर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर विज्ञापन सेवा वापत मेरो रडियोलाइ रु.४२५००।०० भुक्तानी गर्दा रु.५७३७।०० कर कट्टा गर्नु पर्नेमा नगरेकोले सो रकम असुल गरी संघीय राजश्व खातामा जम्मा गर्नुपर्ने रु.</td><td>५७३७</td></tr>
<tr><td>७६.</td><td>घटीकर कट्टा गरेको - आय कर ऐन, २०५८ को दफा ८९.१ अनुसार पचास हजार भन्दा बढीको कार्यमा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर गो अटोमोवाइल्स प्रा.लिलाइ रु.६१०१७६९।०० भुक्तानी गर्दा रु.९१५२६।०० कर कट्टा गर्नु पर्नेमा रु.९१६१।०० मात्र कट्टा गरेकोले घटी रु.८२३६५।०० असुल गरी संघिय राजश्व खातामा जम्मा गर्नुपर्ने रु.</td><td>८२३६५</td></tr>
<tr><td>७७.</td><td>मूल्य अभिवृद्धि कर भुक्तानी - मूल्य अभिवृद्धि कर नियमावली, २०५४ (संसोधन २०७६) अनुसार, ६.५ मूल्य अभिवृद्धि कर भुक्तानी गर्ने कार्यालयले सम्वन्धित करदाताको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले देहाय अनुसारको फर्महरुलाइ रु.२८१९३७।०० मूल्य अभिवृद्धि कर नगरी कटटा भुक्तानी गरेकोले सो रकम असुल गरी सघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>मिति</th><th>फर्मको नाम</th><th>मु. अ. कर</th><th>आधा कर</th></tr>
<tr><td>१२।२०७६।०३।१९</td><td>केएम समता जे.भी सनिश्चरे वजार स्टल निर्माण</td><td>३७९३२२</td><td>१८९६६१</td></tr>
<tr><td>१०१६।२०७६।०३।२५</td><td>नेशनल इनकुवेसन एण्ड रीसर्च प्रा.लि जनतासंग सरकार एम.आइ.एस</td><td>११०५००</td><td>५५२५०</td></tr>
<tr><td>१०१७।२०७६।०३।२५</td><td>युनिफाइड कमुनिकेसन प्रा.लि कर तथा मालपोत अनलाइन</td><td>७४०५२</td><td>३७०२५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५६३८७४</td><td>२८१९३७</td></tr>
</table></td><td>२८१९३७</td></tr>
<tr><td>७८.</td><td>बिलभरपाई – ८।०७५।५।१५ प्रदेश नं १ आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३७(३) मा बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नेपाल रिक्सा तथा ठेला श्रमिक संघलाई जनचेतना कार्यक्रमको लागि रु. १००००।०० भुक्तानी दिएकोमा बिलभरपाई संलग्न नभएको रु.</td><td>१००००</td></tr>
<tr><td>७९.</td><td>जंगली हात्तीको क्षति बापत विपत व्यवस्थापन राहतकोष बाट निम्नानुसार व्यक्तिलाई वडाध्यक्ष वडा नं ३ जिव कुमार भण्डारी मार्फत राहत भुक्तानी भएकोमा सम्बन्धितले बुझेको भरपाई पेश नभएको रु.
<table>
<tr><th>नाम थर:</th><th>रकम</th></tr>
<tr><td>पदमा कुमारी खतिवडा</td><td>७०००</td></tr>
</table></td><td>१५०००</td></tr>
</table>

	दिवस श्रेष्ठ ४५०० विर बहादुर सुनुवार ३५०० जम्मा १५०००	
८०.	२९/२०७५/५/२५ कृषि कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम खर्च योजना अधिकृत सालिकराम भट्टराईलाई शोधभर्ना भुक्तानी रु. २१८८५०।०० गरेको बिलभरपाई परीक्षण गर्दा निम्नानुसार पाइयो ।	
८१.	२९/२०७५/५/२५ तरकारी उन्नत बिउ अनुदान तथा किट वितरण कार्यक्रममा गोर्खा फर्टिलाइजर एण्ड सप्लायर्सको बिलबाट बिउबिजन किट ६०० थान खरिद गरी रु. ९०१५०।- खर्च लेखि १७७ जना कृषकलाई वितरण गरेको पाइयो । अनुदान वितरण कार्यक्रममा निश्चित मापदण्ड बनाएर वितरण गर्नुपर्नेमा मापदण्ड नबनाई कसैलाई १/१ पाकेटको दरले र कसैलाई ४० पाकेटको दरले वितरण गरेको पाइयो । ५०० जना कृषकलाई वितरण गर्नुपर्नेमा १७७ जनालाई मात्र वितरण गरेको पाइयो । यसरी वितरण गर्दा निश्चित मापदण्ड बनाई वितरण गर्नुपर्दछ ।	
८२.	कृषि सहकारी समिति विषयगत समितिको बैठक भत्तामा रु १०५०० मात्र बिलभरपाई संलग्न गरी रु २६२०० खर्च लेखेकोमा बिलभरपाई बेगरको खर्च लेखेकोमा प्रमाण पेश गर्नुपर्ने रु.	१५७००
८३.	५३।०७५।६।१२ : लक्षित वर्ग कार्यक्रम अन्तर्गत कदमगाछी महिला समूहलाई रु. १००००।०० सर्वेश्वर शिवपञ्चायन मन्दिरलाई रु. ५०० र प्रतिमा महिला समूहलाई रु ५०० गरी जम्मा २००००, वडा नं ३ को सिफारिसको आधारमा भुक्तानी गरेकोमा सम्बन्धितले बुझेको भरपाई पेश नभएको प्रमाण पेश गर्नुपर्ने रु.	२००००
८४.	६४।०७५।६।१६ कृषि प्रसार कार्यक्रम अन्तर्गत फिल्ड अनुगमन बापत योजना अधिकृत शालिकराम भट्टराईलाई रु. ४५०० र ना प्रा स मिनादेवी अधिकारीलाई रु ३५०० भुक्तानी गरेकोमा अनुगमन गरेको स्थान, मिति सहित अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.	८०००
८५.	६४।०७५।६।१६ प्रदेश नं १ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ मा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा सञ्चालन बापतको पारिश्रमिक नपाउने र कार्यपत्रको मात्र पाउने उल्लेख छ । शालिकराम भट्टराइले रु.१६०० मात्र पाउनेमा रुं.३०००।०० कक्षा सञ्चालन वापतको पारिश्रमिक भुक्तानी गरेकोले कर वाहेक रु.११९०।०० असुल गर्नुपर्ने रु.	११९०
८६.	६४।२०७५।६।१६ जिन्सी आम्दानीः शालिकराम भट्टराई लाई शोधभर्ना भुक्तानी गरेको रु १००४०० मध्ये फाराम छपाई छायांकन सिडि लगायत सामग्री खरिद वापत रु ६२४५० भुक्तानी गरेकोमा जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.	६२४५०
८७.	८४।२०७५।६।२२ वडा नं ८ को वडा कार्यालय व्यवस्थापनको लागि ५० इन्च हिमस्टार टिभि LED Display बोर्ड, डिजिटल घडी, टिभि स्टेन्ड, कार्पेट, टेबल सिसा लगायतका सामग्री खरिद गरी रु. १४९१००।०० खर्च लेखेकोमा जिन्सि किताबमा आम्दानी बाँधेको नपाइएको रु.	१४९१००
८८.	८५।२०७५।६।२२ बाल शिक्षा शिक्षकका लागि मन्टेश्वरी मेथडमा आधारित १० दिवसिय तालिम कार्यक्रममा अनुगमन खर्च वापत विभिन्न ८ जनालाई रु. १००००।०० भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन पेश नभएको रु.	१००००
८९.	८६।२०७५।६।२१ नगर स्तरीय खेलकुदको लागि खगेन्द्र लिङदेनले लिएको पेश्की रु. ५००००।०० फछ्र्यौट गरी रु ३८६००।०० शोधभर्ना भुक्तानी गरेकोमा जम्मा रु. ८८६००।०० खर्च लेखेकोमा कार्यक्रम भएको मिति, स्थान, सहभागीको उपस्थिति देखिने गरी कार्यक्रम सञ्चालन भएको प्रतिवेदन पेश गर्नुपर्ने रु	८८६००
९०.	८६।२०७५।७।१९ ह्युमपाइप खरिद तथा जडान कार्यको लागि ह्युमपाइप खरिद तथा जडान उपभोक्ता समितिका अध्यक्ष कमल प्र. संग्रौलालाई रु. ४८१५० भुक्तानी गरेकोमा प्राविधिक मूल्यांकन सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	४८१५०
९१.	११४।२०७५।७।१९ लक्ष्मी मदनपुर सडक खण्ड कज्वे निर्माण कार्य गरे वापत लक्ष्मीपूर साधुटार सडक निर्माण उपभोक्ता समितिलाई मूल्यांकन तेरिज अनुसार रु. १२३६००।०० खर्च लेखेकोमा लागत अनुमान, सम्झौता र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	१२३६००
९२.	१२७।२०७५।७।२९ अर्जुनधारा वडा नं ८ मा ट्युवेल गडाई खर्च वापत वडा सदस्य सेवन्त कुमार ढकाललाई रु ४४३८३।०० भुक्तानी गरेकोमा ट्युवेल गाडेको प्राविधिक मूल्यांकन पेश नभएको रु	४४३८३
९३.	**न्यायिक समितिमा यस आ.व.मा जम्मा १८९ निवेदन परेको मध्ये जग्गा सम्बन्धि २९ निवेदन परेकोमा कार्यान्वयन हुन बाँकी देखिन्छ । परेको निवेदन मध्ये १९ वटामा छलफल हुन बाँकी**	

	देखिन्छ ।	
९४.	**आर्थिक विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय, खर्च, सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन ।	
९६.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । अर्जुनधारा नगरपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद बाट अलग हुँदा दिनुपर्ने अवकाश सुविधाको कल्याण कोष स्थापना गरेको तर पर्याप्त दायित्व सिर्जना गरेको छैन ।	
९७.	**उपभोक्ताबाट निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । उक्त नियमालीको उपनियम (१ क) मा उल्लिखित एक करोड रुपैया सम्मको लागत अनुमानमा मु.अ.कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अँश समेतको रकम समावेस हुने व्यवस्था छ । संघीय सरकार सस्कृति मन्त्रालयवाट रु.१००००००।०० को बजेट प्राप्त भएकोमा रु.१,१०,१७,७२२।०० को लागत अनुमान स्वीकृत गरी सुखानी शहिद स्मृति पार्क सौन्दर्यकरणको २०७६।०३।१६ मा सम्झौता र २०७६।०३।२४ सम्पन्न भएको जनाइ रु.९४०००००।०० खर्च लेखेको छ । ९ दिनमा काम सम्पन्न गरेको विश्वासनीय आधार पेश भएन । नियमावलीमा व्यवस्था भएको भन्दा विपरित ठेक्का बाट गर्नुपर्ने काम उपभोक्ता समिति मार्फत काम गराई भुक्तानी दिएकोले कानुनी व्यवस्थाको पालना गरी वोलपत्रको माध्यामवाट कार्य गराउने तर्फ नगरपालिकाको गम्भीर ध्यानाकर्षण हुनु पर्ने देखिन्छ ।	
९८.	**प्राकृतिक तथा व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख व्यवस्थित गरी करको दायराभित्र ल्याउनु पर्दछ ।	
९९.	**सवारी कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख व्यवस्थित गरी कर असुलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
१००.	**मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।	
१०१.	**अनुगमन प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । नगरपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम सञ्चालन को संभाव्यता अध्ययन, अनुगमन, निरीक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरीक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ ।	
१०२.	**योजना तर्जुमा र कार्यान्वयन -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । तर पालिकाले साना साना योजना छनौट गरेको भएतापनि प्याकेज वनाइ वोलपत्रको माध्यमद्धारा गर्न सकिने सम्भावना हुदाहुदै पटक पटक उपभोक्ता समितिवाट कार्य गराएकोले ठुला योजना छनौटलाई प्राथमिकता दिई विकास निर्माणलाइ मितव्ययी,प्रभावकारी र उपलब्धिमुलक वनाउन सम्वद्ध सवै पक्षको गम्भीर ध्यानाकर्षण हुनु पर्ने देखियो ।	

<table>
<tr><td>१०३.</td><td>गुणस्तर परिक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०४.</td><td>सभाको निर्णय कार्यान्वयन - मिति २०७५।०३।१० मा सम्पन्न नगर परीषदबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Follow up Register अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१०५</td><td>सामाजिक सुरक्षा भत्ता - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिका लाई यो वर्ष सामाजिक सुरक्षा भत्ता रु. ११२१८८६००.०० निकासा भई खर्च गरेको पाइयो । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप नगरपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१०५.१</td><td>जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७४/७५ को लगतको आधारमा नगरपालिकाले आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । नगरपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा नगरपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्टी गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०५.२</td><td>सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भपाईमा परिचय पत्र नं, फोटो राखिन ुपर्ने व्यवस्था छ ।कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भर्पाइमा सम्बन्धित लाभग्राहीको परिचय पत्र नं तथा फोटो उल्लेख नगरी वितरण गरेको पाइयो । सम्बन्धित लाभग्राहीको आवश्यक परिचय खुलाई मात्र भत्ता वितरण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०६</td><td>बेरुजू - पालिकाको अन्तिम प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ४६ लाख ९१ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ४४ लाख ३३ हजार र पेश्की रु.शुन्य देखिएको समेत रु.९१ लाख २४ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>१०७</td><td>वितीय जवाफदेहिताको मूल्यांकन - कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवाप्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयले ६२ अंक अर्थात ६२ प्रतिशत ग्रेड (B)प्राप्त गरेको छ । उक्त विषयहरुमा थप सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०८</td><td>अनुगमन तथा मूल्याङ्कन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ । रु.हजारमा
<table><tr><td>गत वर्षको वेरुजू रकम (रु) (A)</td><td>यो वर्ष फछ्यौट (B)</td><td>बाँकी (C=A-B)</td></tr><tr><td>३२२८९</td><td>३२२८९</td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>१०९</td><td>अद्यावधिक वेरुजू स्थिति - नगरपालिकाको आर्थिक वर्ष २०७५।७६सम्मको फछ्यौट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ । रु.हजारमा
<table><tr><td>गत वर्षसम्मको फछ्यौट गर्न बाँकी (रु)(C)</td><td>यो वर्षको सं.पं बाट कायम वेरुजू रु.(D)</td><td>यो वर्षको कायम वेरुजू (रु)(E)</td><td>बाँकी (F=C+D+E)</td></tr><tr><td>०</td><td>०</td><td>९१२४</td><td>९१२४</td></tr></table></td><td></td></tr>
</table>

अर्जुनधारा नगरपालिका

स्थानीय तह सञ्चित कोष विवरण
२०७५।७६

अनुसूची- १
(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	अर्जुनधारा न. पा.	झापा	३१०२२	१५९२००	४१५३०४	१८०८९५	७५५३९९	३६०७५८	३५९७११	३७८८४	७५८३५३	२८०६६

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

अनुसूची-२
(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बांकी बेरुजू			वांकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	झापा	अर्जुनधारा न. पा..	४०	६८	३८४०५	०	१९	२९२८१	४०	४९	९१२४	४६९१	०	४४३३			४४३३	०	०	०

अद्यावधिक वेरुजू स्थिति

अनुसूची ३
(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाकी वेरुजू
१	अर्जुनधारा न.पा	झापा	३२२८९	३२२८९	०	०	९१२४	९१२४